# काकेश्वरी मन्दिर क्षेत्रका साँस्कृतिक सम्पदा

त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत्

नेपाली इतिहास, संस्कृति तथापुरातत्व विषयमा स्नातकोत्तर उपाधिको

आंशिक परिपूर्तिको निमित्त प्रस्तुत

शोधपत्र


प्रस्तोता

भवानी रिमाल

रोल. न. ८

त्रि.वि.वि. दर्ता नं : ६-२-३८-७९-२०१४

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रि.वि.वि कीर्तिपुर


२०७८

# सिफारिश पत्र

श्री भवानी रिमालले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा स्नातकोत्तर तहको उपाधि प्राप्तिका निमित्त तयार पारेको "कागेश्वरी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदा" शीर्षकको शोधप्रवन्ध मेरो निर्देशनमा सम्पन्न गरेको हो । प्रस्तुत शोधप्रवन्ध स्नातकोत्तर तहको उपाधि प्राप्तिका निमित्त आवश्यक मूल्याङ्कनका लागि सिफारिश गर्दछु ।

...............................

सह प्राध्यापक डा. लोकनाथ दुलाल

शोध निर्देशन

## कृतज्ञता

काकेश्वरी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदा शीर्षकको यो शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्त गर्न आंशिक आवश्यकता परिपूर्तिका निमित्त नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गरिएको हो । यस अध्ययनमा काकेश्वरी मन्दिरको मूर्त तथा अमूर्त सांस्कृतिक पक्षसँग सम्बन्धित विविध विषयको विश्लेषण प्रस्तुत छ ।

यो अध्ययनलाई मूलतः सात परिच्छेद र एघारवटा अनुसूचीमा वर्गीकरण गरिएको छ । यस क्रममा पहिलो परिच्छेदमा शोध परिचय, दुईमा कागेश्वरी मनोहरा नगरपालिकाको परिचय, तीनमा शैवधर्मको परिचय, परिच्छेद चारमा कागेश्वरी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा,परिच्छेद पाँचमा कागेश्वरी मन्दिर क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा, परिच्छेद छमा कागेश्वरी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदा व्यवस्थापनको अवस्था र परिच्छेद सातमासारसंक्षेप, उपलब्धि एवम् निर्ष्कष जस्ता विषय समावेश भएका छन् । साथै यो शोधप्रबन्धमा दश वटा अनुसूचीहरू छन् । उक्त अनुसूचीमध्ये पहिलोमा अनुसन्धानको क्रममा सोधिएको प्रश्नावली, दोस्रोमा अन्तर्वार्तामा सोधिएका  प्रश्न, तेस्रोमा सामूहिक छलफलमा सोधिएका प्रश्न, चौथोमा अवलोकन निर्देशिका, पाँचौमा प्रश्नावली भराइएका व्यक्तिहरूको विवरण, छैठौमा अन्तर्वार्तामा सहभागी गराइएका व्यक्तिहरूको विवरण, सातौमा  सामूहिक छलफलमा सहभागीहरूको विवरण, आठौमा गुठीको लगत, नवौमा संवत् १७४० लेखिएको अभिलेख तथा गणेशको पादपीठको लिच्छवि अभिलेख, अनुसूची दशौमा काकेश्वरी मनहरा नगरपालिकाको नक्सार अनुसूची एघारमा तस्बिर प्रस्तुत  गरिएको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा विभिन्न सङ्घसंस्था, विद्वान्, जनप्रतिनिधि, काकेश्वरी मन्दिरसँग सम्बन्धित व्यक्ति, परिवारजन, साथीसङ्घीहरूले ठूलो सहयोग गरेका छन् । त्यस्ता सहयोगी मन र वचनप्रति कृतज्ञता व्यक्तगर्नु मेरो दायित्व हो । त्यसैले. त्यसैले.त्रि.वि.नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. मदन कुमार रिमाल ज्यू, अनुसन्धान समिति, केन्द्रिय विभागका मेरा आदरणीय गुरु-गुरुआमाहरू/प्राध्यापकहरू, शोध निर्देशन गरी मेरो शोधकार्यमा शुरूदेखि अन्त्यसम्म उचित सल्लाह, सुझाव, निर्देशन प्रदान गरी कमी कमजोरीलाई सच्याउन शाब्दिक चयनको लागि मलाई सहयोग र हौसला प्रदान गर्दै आफ्नो अमूल्य समय दिई  मेरो शोध निर्देशन गरिदिनु भएकोमा आदरणीय गुरु सह. प्रा. डा. लोकनाथ दुलाल, आन्तरिक मूल्याङ्कनकर्ता प्रा डा सोमप्रसाद खतिवडा, वाह्य परीक्षक सहप्रा महेशराज दाहालप्रति विशेष कृतज्ञता ज्ञापन गर्दछु । स्थलगत अध्ययनको क्रममा आवश्यक तथ्याङ्क, सूचना, अन्तर्वार्ता र विवरणहरूउपलब्ध गराई सहयोग गर्नुहुने कागेश्वरी मनोहरा नगरपालिका १ का वडाध्यक्ष मुकुन्द गजुरेल र वडा सदस्यहरू, शास्त्र अध्ययनकर्ता मणिराम अर्याल ज्यू, स्थानीय दाई कुमार खड्का, दिदी पूजा निरौला खड्का, मेरा घरका सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा लिएर, मलाई उच्च शिक्षाका लागी विश्वविद्यालय जान प्रेरित गर्ने  श्रीमान

टेकराज वास्तोला र आफ्नो बालहकलाई आफुमा नै समाहित गरी मेरो शिक्षा अघि बढाउन अग्रसर गराउने र कम्प्युटर कार्यमा मद्दत गर्ने छोरा विभूषण श्री वास्तोला, मलाई अध्ययनको लागि हौसला दिनुहुने बुबा श्याम प्रसाद रिमाल र आमा देवी रिमाल, मेरा काका रामप्रसाद र काकी सावित्री रिमाल, वहिनी सीता रिमाल, र मलाई यस शोधलेखन कार्यमा आफ्नो अमूल्य समय मलाई दिनुभई ज्ञानको दायराफराकिलो बनाउन सहयोग गर्नुहुने मेरा आदरणीय गुरुआमाहरू सहप्रा.डा.सन्ध्या पराजुली, सहप्रा. डा. पूनम राणा, शिक्षण सहायक ईन्द्रकला भण्डारी, प्रा.डा.माला मल्ल, सहप्रा.डा.कल्पना श्रेष्ठ, सहप्रा डा.मन्जु श्रेष्ठ जसले मलाई सधै अध्ययनका लागि हौसला बढाइ लेखनकार्यमा आवश्यक सहयोग गरिदिनुभएकोमा हृदयदेखि नै धन्यबादका साथै विशेष आभार व्यक्त गर्दछु । साथै नेपाल सरकार गुठी संस्थानका कर्मचारीहरूलाई पनि धन्यबाद दिन्छु । मेरा सहपाठीहरूलाई पनि धन्यबाद ।

मिति :- २०७८//

शोधकर्ता भवानी रिमाल

# शोधसार

काकेश्वरी मन्दिरको सांस्कृतिक अध्ययन शीर्षकको यो शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्त गर्न आंशिक आवश्यकता परिपूर्तिका निमित्त नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गरिएको हो । काकेश्वरी मन्दिर क्षेत्रका मूर्त साँस्कृतिक सम्पदाकेके हुन् ?काकेश्वरी मन्दिर क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित पक्षहरू केके हुन् ? र काकेश्वरी मन्दिरक्षेत्रकासाँस्कृतिक सम्पदा व्यवस्थापनको अवस्था कस्तो छ एवम् व्यवस्थापनका उपाय केके हुन् सक्दछन् ? भन्ने सन्दर्भ यो अध्ययनकासमस्या हुन् । काकेश्वरी मन्दिरको क्षेत्रका मूर्त साँस्कृतिक सम्पदाका बारेमा खोज तथा अध्ययन गर्नु, काकेश्वरी मन्दिर क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित विविध पक्षको अन्वेषण गर्नु र काकेश्वरी मन्दिर क्षेत्रकासाँस्कृतिक सम्पदा व्यवस्थापनको अवस्था पहिचान गरी त्यसका उपायहरू शोधखोज गर्नु जस्ता विशिष्ट उद्देश्य यो अध्ययनले निर्धारण तथा परिपूर्ति गरेको हो ।

विषयवस्तुका दृष्टिकोणले यस अध्ययनको मुख्य क्षेत्र काकेश्वरी मन्दिरको सांस्कृतिक पक्षको विश्लेषण । भूगोलका आधारमा यो अध्ययन प्रदेश नं. ३ को काठमाडौं जिल्लामा अवस्थित काकेश्वरी मनोहरा नगरपालिका वडा नं. १ मा केन्दित छ । यो अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएका छन् । प्राथमिक तथ्याङ्क स्थलगत सर्वेक्षण र द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएको हो । प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलनका निमित्त अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, सामूहिक छलफल, अभिलेख सङ्कलन र अध्ययन, मूर्त तथा अमूर्त सम्पदा सङ्कलन र विश्लेषण, ऐतिहासिक कागज तथा दस्तावेज सङ्कलन र विश्लेषण एवम् तस्वीर सङ्कलन तथा विश्लेषण जस्ता विधिहरूको आवश्यकताअनुसार प्रयोग भएका छन् । यो गुणात्मक अध्ययन हो ।विश्लेषणात्मक, वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैद्धान्तिक ढाँचामा यो शोधपत्र अनुबन्धित गरिएको छ ।

पौराणिक साहित्यमा उल्लेखित विवरणअनुसार कागेश्वर मनहरा नगरपालिमा अवस्थित कागेश्वरी मन्दिर नेपालका चौसट्ठी शिवलिङ्गहरूमध्ये एउटा हो । नेपाल महात्म्यको अध्याय ११९ मा यस देवस्थलको विशेष वर्णन पाइन्छ । पार्वती काकको रूपधारण गरी त्यस स्थानमा आएको हुनाले यस मन्दिरको नाम काकेश्वर महादेव रहन गयो । लिच्छवि कालदेखि यो देवस्थल अस्तित्वमा थियो । काकेश्वर महादेव तामाङ्ग जातिको कुलदेवता पनि हुन् । अतः यो देवस्थलमा तामाङ जातिले पनि पूजा उपासना गर्दछन् । यो तामाङ बाहेक नेवार, क्षेत्री, ब्राम्ह्णलगायत यस क्षेत्रमा बसोवास गर्ने हिन्दू तथा वौद्ध धर्मावलम्वीहरू सबैले समान रूपमा पूजा उपासना चढाउने मोक्ष दायनी देवस्थल हो । गुठीको लगत र मन्दिरमा पूजागर्दा चढाइने .सामग्रीहरू बारेमा लेखिएको कागजपत्रहरू प्राप्त सूचनाअनुसार काकेश्वर महादेवस्थलका नाममा राजगुठीअन्तर्गत २० रोपनी जग्गा कायम छ ।

काकेश्वर महादेव, पार्वतीको मन्दिर, पाटी तथा सत्तल, शिव पार्वतीको मूर्ति, गणेशको मूर्ति, कुमारको मूर्ति, कागको मूर्ति, ॐ अभिलेखयुक्त शिला, शिवलिङ्ग, बसाहको मूर्ति, शिवपार्वती आलिङ्गन मूर्ति, अभिलेख, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिढीलगायतका वस्तु यस देवस्थलका प्रमुख ऐतिहासिक सामग्री तथा मूर्त सम्पदा हुन् ।

यस देवस्थलमा पाइने भाषा, साहित्य, गीत, गाथा, कविता-काव्य, उखान-टुक्का, तन्त्रमन्त्र किम्वदन्ती, लोकोक्ति, जनश्रुति, लोककथा, लोकविश्वास जस्ता मौखिक परम्परा एवम् अभिव्यक्तिसँग सम्बन्धित सम्पदा हुन् । धामीझाँक्रीको बस्त्र धारण गरी आफ्नो ढ्याग्रो बजाई नाचगान गर्ने र मेला तथा पर्वको दिन दर्शनार्थीहरूले शिव भजन गाउने चलन अभिनय तथा प्रदर्शनकारी कलाजन्य सम्पदाका रूपमा राख्न सकिन्छ । धार्मिक विश्वास, धार्मिक अनुष्ठान तथा पूजाविधि, अपर्ण गरिने फूलप्रसाद तथा पूजा सामग्री, पूजा प्रसाद वितरण प्रणाली, चाडपर्व एवम् उत्सव, पुजारी परम्परा यस देवस्थलका सामाजिक व्यवहार, धार्मिक अनुष्ठान तथा चाडपर्व उत्सवजन्य सम्पदा हुन् । प्रकृति, ईश्वर, ब्रम्हाण्ड, जीव, जगत् जस्ता विभिन्न पक्षलाई ब्रम्हाण्ड एवम् प्रकृतिसँग सम्बन्धित ज्ञान तथा व्यवहारजन्य सम्पदाका रूपमा उल्लेख गर्न सकिन्छ । यस देवस्थलमा पाइने मूलतः मूर्त सम्पदाको कलाशिल्पले परम्परागत कला कौशल तथा शिल्प प्रविधिको प्रतिनिधित्व गर्दछन् ।

यो देवस्थल संरक्षण तथा संवर्द्धन अवस्था उतिधेरै राम्रो देखिदैन । धेरै समस्या छन् । संरक्षण तथा संवर्द्धनमा स्थानीय समुदाय, स्थानीय तह, स्थानीय तहमा क्रियाशील सङ्घ संस्था, प्रदेश सरकार र पुरातत्व विभाग, संस्कृति समिति तथा सम्बन्धित मन्त्रालय जस्ता प्रत्यक्ष रूपमा सरोकारवालाहरूको भूमिका उल्लेख्य हुनुपर्ने देखिएको छ ।

# विषय सूची


क. कृतज्ञता क

ख. शोधसार ग

ग. विषय सूची ङ

**परिच्छेद-एक**

**शोध परिचय १-२०**

१.१. पृष्ठभूमि १

१.२. समस्याको कथन १

१.३. अध्ययनको उद्देश्य २

१.४.अध्ययनको महत्व तथा औचित्य २

१.५.अध्ययनको अवधारणागत कार्यस्वरूप ३

१.६. पूर्वकार्य समीक्षा ४

१.७.अनुसन्धान विधि १२

१.७.१. अनुसन्धानको क्षेत्र छनोट १२

१.७.२. अनुसन्धानको चरण एवम् प्रक्रिया १३

१.७.३. अनुसन्धानको ढाँचा १३

१.७.४. अध्ययनको प्रकृति १४

१.७.५. अध्ययनको दृष्टिकोण १४

१.७.६. तथ्याङ्क एवम् सूचनाका प्रकृति तथा स्रोत १४

१.७.७. तथ्याङ्क सङ्कलन विधि तथा औजार १५

१.७.७.१. पूर्वकार्य समीक्षा १५

१.७.७.२. स्थलगत सर्वेक्षण १५

१.७.७.३.औजारतथा उपकरण १८

१.७.८. नमुना छनोट प्रक्रिया १८

१.७.९. शोधकार्यको समयावधि १८

१.७.१०. अध्ययनको सीमा १९

१.७.११. तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुतिकरण २०

१.७.१२. शोधकार्यको रूपरेखा २०

**परिच्छेद–दुई**

**काकेश्वरी मनोहरा नगरपालिकाको परिचय २१-२६**

२.१. भौगालिक परिचय २१

२.२. नामकरण २२
२.३. जनसाङ्ख्यिक संरचना २३
२.४. शैक्षिक अवस्था २४
२.५. प्राकृतिक सम्पदा २५
२.६. धार्मिक तथा ऐतिहासिक स्थल २५
२.७. राजनीतिक सीमाङ्कन र विभाजन २६
२.८. भौतिक पूर्वाधारको विकास २६

**परिच्छेद–तीन**

**शैवधर्मको परिचय २७-४१**

३.१. धर्मको अर्थ, उत्पति र विकास २७
३.२. भगवान्शिवको अर्थ ३०
३.३. शैवधर्मको उत्पत्ति र विकास ३१
३.४. लिङ्ग शब्दको अर्थ ३४
३.५. नेपालमा शैवधर्म ३९

**परिच्छेद–चार**

**काकेश्वरी महादेवको सांस्कृतिक अध्ययन ४२-५९**

४.१. संस्कृतिसम्बन्धी अवधारणा ४२
- ४.१.१. संस्कृतिको अर्थ एवम् परिभाषा ४२
- ४.१.२.संस्कृतिको स्वरूप ४३
- ४.१.३. संस्कृतिको महत्त्व एवम् उपयोगिता ४५
- ४.१.४.नेपाली संस्कृतिका केही महत्त्वपूर्ण पक्षहरू ४६

**४.२. काकेश्वरी महादेव क्षेत्रका मूर्त साँस्कृतिक सम्पदा ४७**
- ४.२.१.काकेश्वरी महादेवको अवस्थिती ४७
- ४.२.२.काकेश्वरी महादेवको नामकरण ४९
- ४.२.३.उत्पत्ति एवम् इतिहास ४९
- ४.२.४.देवस्थलका नाममा रहेको जग्गा ५१
- ४.२.५. काकेश्वर महादेवको महिमा ५१
- ४.२.६. काकेश्वरी महादेव क्षेत्रका मूर्त साँस्कृतिक सम्पदा ५४
- ४.२.७. मन्दिरसँग सम्बन्धित अन्य ऐतिहासिक सामग्री ५५

**परिच्छेद –पाँच**

**काकेश्वरी महादेव क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा** ६०-७०

५.१.अमूर्त सांस्कृतिक सम्पदा ६०

५.१.१. मौखिक परम्परामा आधारित ६०

५.१.२. प्रदर्शनकारी कला ६१

५.१.३. समाजिक व्यवहार, धार्मिक अनुष्ठान तथा चाडपर्व उत्सव ६२

५.१.४. ब्रम्हाण्ड एवम् प्रकृतिसँग सम्बन्धित परम्परागत ज्ञानविज्ञान ६९

५.१.५. परम्परागत कला कौशल तथा शिल्प प्रविधि ७०

**परिच्छेद –छ**

**काकेश्वरी महादेव क्षेत्रका साँस्कृतिक सम्पदाको व्यवस्थापनको अवस्था** ७१-७७

६.१. संरक्षण तथा संवर्द्धनको वर्तमान अवस्था ७१

६.२. संरक्षण तथा संवर्द्धनका समस्या ७२

६.३. संरक्षण तथा संवर्द्धनका उपाय एवम् सरोकारवालाहरूको भूमिका ७२

६.३.१. संरक्षण तथा संवर्द्धनमा स्थानीय समुदायको भूमिका ७३

६.३.२. संरक्षण तथा संवर्द्धनमा स्थानीय तहको भूमिका ७४

६.३.३. स्थानीय तहमा क्रियाशील सङ्घ संस्थाको भूमिका ७५

६.३.४ प्रदेश सरकारको भूमिका ७५

६.३.५. पुरातत्व विभाग, संस्कृति समिति र सम्बन्धित मन्त्रालयको भूमिका ७६

६.४. काकेश्वरी मन्दिरको गुरुयोजना ७७

**परिच्छेद–सात**

**सारसंक्षेप, उपलब्धि एवम् निर्ष्कष** ७८-८३

७.१. सारसंक्षेप ७८

७.२. उपलब्धि ७९

७.३. निर्ष्कष ८१

**अनुसूचीहरू** **८४-१०१**

अनुसूची –एकः अनुसन्धानको क्रममा सोधिएको प्रश्नावली ८४

अनुसूची–दुईः अन्तर्वार्तामा सोधिएका प्रश्न ८५

अनुसूची–तीनः सामूहिक छलफलमा सोधिएका प्रश्न ८६

अनुसूची-चारः अवलोकन निर्देशिका ८७

अनुसूची-पाँचः प्रश्नावली भराइएका व्यक्तिहरूको विवरण ८८

अनुसूची-छः अन्तर्वार्तामा सहभागी गराइएका व्यक्तिहरूको विवरण ८९

अनुसूची-सातः सामूहिक छलफलमा सहभागीहरूको विवरण ९०

अनुसूची-आठः गुठीको लगत ९१

अनुसूची-नौः संवत् १७४० लेखिएको अभिलेख तथा गणेशको पादपीठको लिच्छवि अभिलेख ९५

अनुसूची दशः कागेश्वरी मनोहरा नगरपालिकाको नक्सा ९६

अनुसूची एघारः तस्वीर प्रस्तुती ९७

**सन्दर्भ सामग्री** **१०२-१०४**